# अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम संचालन पुस्तिका (निर्देशिका) २०६६

## नेपाल सरकार
## महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
## सिंहदरबार, काठमाण्डौं

## बिषय सूची


**१.प्रस्तावना :**

**परिच्छेद - १**

१. संक्षिप्त नाम र प्रारम्भ :

**परिच्छेद - २**

२. समुदायमा आधारित पुनर्स्थापनाको उद्देश्य, अवधारणा, लक्ष्य र अपाङ्गताको वर्गिकरण

- २.१.उद्देश्य :
- २.२ समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको अवधारणा :
- २.३ समुदायमा आधारित पुनर्स्थापनको लक्ष :
- २.४ अपाङ्गताको वर्गिकरण :

**परिच्छेद - ३**

३. सि.वि.आर. कार्यक्रम संचालनका संगठनात्मक संरचना :

- ३.१. केन्द्रिय निर्देशक समिती
- ३.२. केन्द्रिय निर्देशक समितीले अपाङ्गता भएका व्यक्तिहरुका लागि संचालित समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम निरन्तर रुपमा संचालन गर्नका लागि देहाय बमोजिमका कार्यहरु गर्नेछ ।
- ३.३ केन्द्रीय निर्देशक समितिको विशेषाधिकार :
- ३.४ जिल्ला समन्वय तथा अनुगमन समिति :
- ३.५ जिल्ला समन्वय तथा अनुगमन समितिको मुख्य काम, कर्तव्य देहाय बमोजिम हुनेछ ।
- ३.६ गाउँ/नगरस्तरको व्यवस्थापन समिति
- ३.७. सि.बि.आर. का विभिन्न जनशक्तिको काम, कर्तव्य :
    - १. जिल्ला कार्यक्रम अधिकृत :
    - २. स्थानीय समन्वयकर्ता :
    - ३. सि.बि.आर.सामुदायिक कार्यकर्ता
    - ४. सामाजिक परिचालक :

**परिच्छेद - ४**

४. साधन श्रोतको परिचालन, क्रियाकलापहरु र कार्यान्वयन

४.१ साधन श्रोतको परिचालन :

४.२. क्रियाकलापहरु र कार्यान्वयन पद्धति

- ४.२.१. अपाङ्गता सम्बन्धी तथ्याङ्क तथा विवरणहरु संकलन :
- ४.२.२. जनचेतना सम्बन्धी कार्यक्रम :
- ४.२.३. विस्तृत लेखाजोखा :
- ४.२.४. परामर्श सेवा :
- ४.२.५ उपचार सेवा :
- ४.२.६. पुनर्स्थापना सेवा :
- ४.२.७. शिक्षामा पहुँच

४.२.८. व्यावसायिक तालिम र आय आर्जन व्यवस्था

४.२.९. पारिवारिक तथा सामाजिक सहभागिता :

४.२.१०. जनशक्ति र नेतुत्व विकास, समन्वय एवं संजाल :

**परिच्छेद - ५**

५. सि.बि.आर. कार्यक्रम अनुगमन, मूल्याङ्कन, कोष व्यवस्था, कार्यान्वयन र विस्तार :

५.१. कार्यान्वयन स्थितीको अनुगमन, मूल्याङ्कन तथा प्रतिबेदन

५.२. सि.बि.आर. कोषको व्यवस्था :

५.३ सि.वि.आर. कार्यान्वयन अवधि र विस्तार

**परिच्छेद - ६**

६. विविध

६.१. अनुसूचीको विवरण र ढाँचामा सामान्य थपघट, सशोधन गर्नु सकिने

६.२ श्रोत पुस्तिका तयार गर्न सकिने

६.३. निर्देशन दिन सक्ने :

६.४. लेखा परिक्षण :

६.५. व्याख्या गर्ने अधिकार :

**अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम संचालन पुस्तिका-२०६६**

**प्रस्तावना :**

अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण, प्रर्वद्धन र अधिकारका लागि नीतिगत व्यवस्था, योजना, कार्यक्रम संचालन, श्रोत परिचालनका निमित्त सम्वद्ध सरकारी, गैर सरकारी साझेदार निकाय बीच समन्वय गर्ने कार्य महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले गर्दै आएको छ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, नीति र मान्यता अनुरुप नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण हित र पुनर्स्थापनाको लागि विविध नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ। अपाङ्गता भएका व्यक्तिहरुको समुचित पुनर्स्थापना, अधिकार तथा समान अवसर सुनिश्चित गर्न अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर समानिकरण सम्वन्धी संयुक्त राष्ट्रसंघीय प्रामाणिक नियममा उल्लेखित समुदायमा आधारित पुनर्स्थापनाको अवधारणा र नीतिलाई नेपाल सरकारले आत्मसात गर्दै आएको छ। हाल आएर अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ जारी भई नेपालले यसको अनुमोदन गरी पक्ष राष्ट्र समेत भई सकेको छ। यस क्रममा यस महासंधीको भावना अनुरुप एवं अपाङ्ग सम्वन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ को माध्यमद्वारा समुदायमा आधारित पुनर्स्थापना Community Based Rehabilitation, (CBR) कार्यक्रम क्रमश विस्तार गर्दै जाने नीति छ।

सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई समुदायमै व्यवस्थित एवं सम्मानपूर्ण पुनर्स्थापन गर्ने कार्यमा स्थानीय निकाय, सामुदायिक एवं गैर सरकारी संघ संस्थाहरु एवं नीजि संघ संस्थाहरु समेत सबैको महत्वपूर्ण एवं निर्णायक भूमिका रहन्छ। समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको माध्यमबाट यस्ता निकाय एवं संघ संस्थाहरुको भूमिका सुनिश्चित गरी अपाङ्गता भएका व्यक्तिहरुलाई परिवार र समुदायमै सम्मानपूर्ण पुनर्स्थापन गर्ने उद्देश्य पूरा गर्न स्पष्ट मार्ग दर्शन आवश्यक भएकोले सरकारले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम संचालन पुस्तीका रहेको छ।

ख) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएपछि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

क) "समुदायमा आधारित पुनर्स्थापन" भन्नाले अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य, शिक्षा, तालिम, रोजगार, आयआर्जन, व्यावसाय, जस्ता आधारभूत सेवामा पहुँचको व्यवस्था गर्दै आफ्नै समुदाय र परिवारमा राखी आत्मनिर्भर तुल्याउने र उनिहरुको सामाजिक सहभागितालाई अभिवृद्धि गर्दै शसक्तिकरण समेत गर्दै लाने एकिकृत र शृखलाबद्ध कार्यलाई सम्झनु पर्दछ।

ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई सम्झनु पर्दछ।

ग) “सि.बि.आर कार्यक्रम” भन्नाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम (Community Based Rehabilitation, CBR) सम्झनु पर्दछ ।

घ) “ अपाङ्गपन” भन्नाले यस निर्देशिका अनुसूची-१ मा उल्लेख भए बमोजिम विभिन्न प्रकारका अपाङ्गताहरुको प्रकृति र अवस्थालाई जनाउँदछ ।

## परिच्छेद-२

### २. समुदायमा आधारित पुनर्स्थापनको उद्देश्य, अवधारणा, लक्ष्य र अपाङ्गपनको वर्गिकरण

**२.१. उद्देश्य :**

**सि.वि.आर. को उद्देश्य देहाय बमोजिम रहेको छ ।**

- अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने ।
- अपाङ्गता भएका नागरिकहरुको सबै पक्षको विकासको लागि स्थानीय समुदाय र विकास निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बढाउने ।
- अपाङ्गता हुन नदिन समयमै पहिचान, रोकथाम न्यूनिकरण र अपाङ्गता भएकाहरुलाई चिकित्सकीय र अन्य सेवाद्वारा पुनर्स्थापन गर्ने ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरु (शारीरिक, दृष्टिविहिन वा न्यूनदृष्टियुक्त, वहिरा तथा सुस्त श्रवण, श्रवणदृष्टिविहिन, स्वर तथा वोलाई सम्वन्धी अपांगता, मानसिक अपांगता, वहु अपांगता) लाई विभिन्न समान अवसरका सेवा (शिक्षा, स्वास्थ्य, तालिम, नेतृत्व विकास, लघु ऋण, सहायक सामग्री आदि) उपलब्ध गराई र सामाजिक शसक्तिकरण गराई आर्थिक एवं सामाजिक रुपमा विकासको मूल प्रवाहमा ल्याउने र अन्य नागरिक सरह सक्षम र स्वावलम्वी बनाउने ।

**२.२ समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको अवधारणा :**

समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको आधारभूत अवधारणा देहाय अनुसार छन्

- स्थानीय समुदायकै नेतृत्व र पहलमा कार्यक्रम संचालन, व्यवस्थापन हुने ।
- स्थानीय स्वयंसेवी संस्था, अपाङ्गता भएका व्यक्ति र यीनका परिवारबाट क्रियाकलापको योजना तर्जुमा, कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा निर्णायक भूमिका रहने ।
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका निमित्त सेवा, सुविधा र अवसर उपलब्ध गराउँदै यस्ता समुदायहरुलाई विकास सम्वन्धी सबै क्रियाकलापमा समान सहभागी गराइने ।
- CBR Approach को कार्यान्वयन प्रकृति र स्वरुप लचिलो भएका कारण स्थानीय आवश्यकता एवं परिवेश अनुरुप संचालन हुने ।
- सि.वि.आर.ले अपाङ्गता भएका व्यक्तिको समग्र (Holistic) पक्षको श्रृखलाबद्ध विकास गर्ने

- अपाङ्गताको मुद्दालाई विकासको विषय मान्दै सामुदायिक, सहभातिगामूलक र निरन्तर क्रियाशिलताका आधारमा मूलतः अपाङ्गता भएका व्यक्तिहरुको जीवन सहज र सम्मानित तुल्याउने लक्ष्य लिएको छ ।

**२.३.समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको लक्ष :**

सी.बी.आर. अवधारणालाई सन् १९७८ ताका विश्व स्वास्थ्य संघ तथा संयुक्त राष्ट्र संघका अन्य निकायहरुले प्रवर्द्धन गर्ने गरेको भएतापनि हाल यो अपाङ्गता व्यवस्थापनको क्षेत्रमा बिश्वब्यापी अवधारणको रुपमा बिकास भएको छ । सी.बी.आर.अवधारणालाई अझै परिस्कृत र परिमार्जित वनाउन यसको झण्डै ३ दशकको अभ्यास, सिकाई, सरकारी तथा गैरसरकारी निकाय, संयुक्त राष्ट्र संघ, द्विपक्षिय बिकास निकाय, स्वाबलम्बी संस्थाहरु समेतको सहकार्यबाट सन् २०१० मा सि.बि.आर.को सर्बमान्य आधारभूत अवधारणा र निर्देशिका तयार भएको छ । यो पछिल्लो निर्देशिका अनुसार सि.बि.आर.अपांगता भएका ब्यक्तिहरुको सहभागिता, समाजमा समावेशीकरण र गुणस्तरिय जीवनको लागि बहपुक्षिय रणनीतिको रुपमा विकास भएको छ । यस निर्देशिकाले सी.बी.आर. कार्यक्रम लाई स्वास्थ्य र पुनर्स्थापना, शिक्षा, जीवन निर्वाह, सशक्तिकरण र सामाजिक विकास जस्ता मुख्य ५ वटा कार्यक्षेत्रहरुमा बिभाजन गरि दिशानिर्देश गरिएको छ । सी.वी.आर.कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी, २००६ ले तय गरेका अपाङ्गता भएका व्यक्तिहरुको समग्र मानव अधिकारहरु समेतलाई सी.बी.आर.कार्यक्रमले एकीकृत रुपमा संम्बोधन गरेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमले सामान्यतः सामुदायिक विकासका गतिविधिहरुमा स्थानीय स्तरमै अपाङ्गता भएका व्यक्तिहरुलाई समान अवसर प्रदान गर्दै पुनर्स्थापनाको माध्यमबाट उनीहरुलाई समाजमा समाहित गराउँदछ। सी.बी.आर.को कार्यान्वयन अपाङ्गता भएका व्यक्ति, स्वयं उनीहरुको परिवार, समुदाय र उपयुक्त स्वास्थ्य, शिक्षा, व्यावसायिक सामाजिक विकाससंग सम्बन्धित संस्थाहरुको संयुक्त प्रयासबाट हुन्छ ।

सी.बी.आर.ले अपाङ्गता भएका व्यक्तिलाई उनीहरुको शारीरिक र मानसिक क्षमतालाई अधिकतम हदसम्म विकास गरी सशक्त तुल्याउन मद्दत गर्दछ । उपलब्ध नियमित आधारभूत सेवामा उनीहरुको पहुँचलाई स्थानीय स्तरमै सहज एवं कम खर्चिलो ढंगले सुनिश्चित गर्दै समुदायलाई समाजमा सक्रिय योगदान गर्न सक्ने सदस्यको रुपमा विकास गर्दछ । समुदाय एवं सरोकारवाला व्यक्तिहरुको चेतना र धारणामा व्यापक परिवर्तन ल्याई अवरोधमुक्त अधिकारमा आधारित समाज स्थापित गर्न मद्दत गर्दछ । अपाङ्गता भएका व्यक्तिहरुलाई विकासका सबै क्रियाकलापमा समाहित गरी अन्य नागरिकहरुसरह राष्ट्रिय विकासको मूल प्रवाहमा सामेल गर्ने लक्ष्य सि.बि.आर.ले लिएको छ ।

**२.४ अपाङ्गपनको वर्गिकरण :**

सि.वि.आर. कार्यक्रम संचालनका क्रममा अपाङ्गता भएका व्यक्तिहरु पहिचान गर्न अपांग संरक्षण तथा कल्याण ऐन २०३९ को दफा ३ अनुसार नेपाल सरकारबाट नेपाल राजपत्रमा प्रकाशित सूचना अनुरुपको परिभाषा र मापदण्ड अनुसरण गरिएकोछ । जस अनुसार अपाङ्गताको प्रकृति अनुरुप अपाङ्गतालाई सात प्रकारमा निर्धारण गरेको छ । जस्तैः १.शारीरिक अपांगता, २.दृष्टि सम्वन्धी अपांगता, ३.सुनाइ सम्वन्धी अपांगता, ४.श्रवणदृष्टिविहिन, ५.स्वर तथा वोलाई सम्वन्धी अपांगता, ६.मानसिक अपांगता र ७.वहु अपांगता । (नेपाल सरकार द्वारा स्वीकृत अपाङ्गताको परिभाषा वर्गिकरण अनुसूची -१ मा उल्लेख छ। ) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई सि.बि.आर. कार्यक्रमले पुनर्स्थापनाका निमित्त समेट्ने छ ।

# परिच्छेद- ३

## ३. सि.वि.आर. कार्यक्रम संचालनका संगठनात्मक संरचना :

अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम समन्वय एवं कार्यान्वयनका लागि विभिन्न तीन तहमा समिति हुनेछन् । (संगठनात्मक ढाँचा अनुसूचि -६ मा प्रस्तुत गरिएको छ ) साथै आवश्यक मानवीय श्रोत, सूचना, तथ्याङ्क र आर्थिक श्रोतहरु निम्न रहनेछ ।

### ३.१. केन्द्रीय निर्देशक समिति

क) सि.वि.आर. कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गर्न, नीति निर्देशन प्रदान गर्ने स्तरमा देहाय बमोजिम एक केन्द्रीय निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| १. सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | संयोजक |
| २. सहसचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) | सदस्य |
| ३. सहसचिव, प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय (सम्बन्धित महाशाखा हेर्ने) | सदस्य |
| ४. सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| ५. सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| ६. सहसचिव, गृह मन्त्रालय | सदस्य |
| ७. सहसचिव, स्थानिय विकास मन्त्रालय | सदस्य |
| ८. सहसचिव वा सो सरह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सदस्य |
| ९. सहसचिव वा सो सरह, शिक्षा मन्त्रालय | सदस्य |
| १०.सहसचिव, युवा तथा खेलकुद मन्त्रालय | सदस्य |
| ११.सहसचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय | सदस्य |
| १२. सहसचिव, उद्योग मन्त्रालय | सदस्य |
| १३. सहसचिव, बाणिज्य आपूर्ति मन्त्रालय | सदस्य |
| १४. सहसचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय– | सदस्य |
| १५. सहसचिव, सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| १६. सहसचिव, शान्ति तथा पुननिर्माण मन्त्रालय | सदस्य |
| १७. सहसचिव, कानुन तथा न्याय मन्त्रालय | सदस्य |
| १८. महानिर्देशक, महिला विकास विभाग | सदस्य |
| १९. अपाङ्गता सम्बन्धी महासंघहरुबाट कम्तीमा १ जना महिला समेत ३ जना प्रतिनिधी | सदस्य |
| २०. CBR सम्बन्धि विज्ञ - १ जना सदस्य | |
| २१. उपसचिब, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (सामाजिक सुरक्षा तथा सुधार शाखा) | सदस्य सचिव |

ख) केन्द्रीय निर्देशक समितीको सि.बि.आर. सम्बन्धी बिज्ञ सदस्यमा सि.बि.आर.कार्यक्रम संचाल गरिरहेको र उक्त विषयमा विज्ञता र लामो अनुभव रहि आएको गै.स.स. मध्येबाट प्रतिनिधित्व गराइने छ ।

ग) सि.बि.आर. सम्बन्धी विज्ञ मन्त्रालयले तोक्ने छ । सि.नं. १९ र २० बमोजिम प्रतिनिधि सदस्यहरुको पदावधि
२ वर्षको हुनेछ ।

घ) केन्द्रिय निर्देशक समितिले आफ्नो बैठकमा आवश्यकतानुसार सम्बद्ध संस्थाबाट प्रतिनिधि आमन्त्रित गर्न सक्नेछ ।

ङ) केन्द्रिय निर्देशक समितिले कार्यक्रम संचालनका लागि प्राविधिक सहयोग प्राप्त गर्न आवश्यकता अनुसार **प्राविधिक उपसमिति पनि गठन गर्न सक्नेछ ।**

**३.२. केन्द्रीय निर्देशक समितिले अपाङ्गता भएका व्यक्तिहरुका लागि संचालित समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम निरन्तर रुपमा संचालन गर्नका लागि देहाय बमोजिमका कार्यहरु गर्नेछ ।**

१.कार्यक्रम सम्बन्धी योजना तर्जूमा र नीतिगत मार्ग निर्देशन गर्ने ।

२.कार्यक्रम कार्यान्वयन, मूल्याङ्कन तथा अनुगमन गर्ने विधि तथा संयन्त्र निर्धारण गर्ने ।

३.संचालित कार्यक्रमको आवधिक समिक्षा र मूल्याङ्कन प्रतिबेदन तयार गर्ने ।

४.कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरु वीच समन्वय एवं सहयोगको आदान प्रदान गर्ने ।

५.कार्यक्रम कार्यान्वयन गर्न आवश्यक जनशक्ति विकास सम्वन्धी कार्य गर्ने ।

६.कार्यक्रम कार्यान्वयनका लागि जिल्ला समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने ।

७.कार्यक्रमका लागि बजेट व्यवस्था गर्ने कार्यान्वयनका क्रममा अन्य आवश्यक प्रक्रिया एवं कार्यविधि तय गर्ने तथा आवश्यकता अनुसार नीतिगत निर्णयहरु गर्ने/गराउने ।

८.कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि गै.स.स. हरुबाट सञ्चालित अपाङ्गता क्षेत्रका कार्यक्रमलाई रा.यो.आ.संग समन्वय गरी सरकारको नीतिगत प्राथमिकता क्षेत्रमा ल्याई सि.वि.आर को दायारामा आवद्ध गर्ने ।

९.केन्द्रीय निर्देशक समितिलाई तोकिएका उल्लेखित काम कर्तव्य र अधिकार मध्ये समितिले केही अधिकार सदस्य सचिव र जिल्ला समन्वय समितिलाई पनि प्रत्यायोजन गर्न सक्नेछ ।

**३.३ केन्द्रीय निर्देशक समितिको विशेषाधिकार :**

यस निर्देशिकाले समेटन नसकेका विषयहरुमा केन्द्रिय निर्देशक समितिले निर्देशन गरे अनुसार हुने ।

**३.४ जिल्ला समन्वय तथा अनुगमन समिति :**

क) समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन एवं मूल्याङ्कनको लागि जिल्लामाएउटा जिल्ला समन्वय तथा अनुगमन समिति रहनेछ ।

जिल्ला समन्वय तथा अनुगमन समितिको गठन विधि देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी | सदस्य |
| ३. जिल्ला शिक्षा अधिकारी | सदस्य |
| ४. जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख | सदस्य |
| ५. जिल्ला घरेलु उद्योग कार्यालय/समितिको प्रमुख | सदस्य |
| ६. स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गर्ने गै.सं.स. का प्रतिनिधि १ जना | सदस्य |
| ७. सि.वि.आर. कार्यक्रम कार्यान्वयन गर्न तोकिएका संस्थाका समन्वयकर्ता/प्रतिनिधि १ जना | सदस्य |
| ८. महिला विकास अधिकृत(समाज कल्याण अधिकृत), महिला विकास कार्यालय | सदस्य सचिव |

ख) समितिमा गै.स.स. का उपयुक्त प्रतिनिधि सदस्यका रुपमा जिल्ला समन्वय तथा अनुगमन समितिबाट मनोनयन हुने छन् । यस्ता सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।

ग) जिल्ला समन्वय तथा अनुगमन समितिको बैठक सम्वन्धी कार्यविधि सो समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

घ) जिल्ला समन्वय तथा अनुगमन समितिले आफ्नो बैठकमा आवश्यकतानुसार सम्बद्ध संस्थाबाट

प्रतिनिधि आमन्त्रित गर्न सक्नेछ ।

**३.५ जिल्ला समन्वय तथा अनुगमन समितिको मुख्य काम, कर्तव्य र देहाय बमोजिम हुनेछ ।**

१. सम्बन्धीत जिल्लामा सि.बि.आर. संचालन गर्ने उपर्युक्त गैर सरकारी (स्वाबलम्बी ,पुनर्स्थापना वा बिकास सम्बन्धी) संस्था छनौट गर्ने ।

२. पुनर्स्थापन सम्वन्धमा केन्द्रबाट निर्धारित नीति नियम र निर्देशिकाको अधिनमा रहि जिल्ला स्थित कार्यान्वयन गर्न तोकिएको संस्था मार्फत स्थानीय निकाय र समुदाय परिचालन गरी कार्यक्रम कार्यान्वयन गराउने ।

३. कार्यक्रम संचालन वा विस्तार गर्न (न.पा.का.वडा/गाउँ विकास समितिको) मापदण्ड र आधारहरु तोक्ने ।

४. सि.वि.आर. कार्यक्रमको प्रभावकारिता र निरन्तरका लागि श्रोत परिचालन तथा योजना तयार गर्ने ।

५. स्थानीय स्तरमा तयार भएको संचालन योजना कार्यक्रम स्वीकृत गरी केन्द्रिय निर्देशक समितिमा पेश गर्ने ।

६. कार्यक्रम कार्यान्वयनका लागि तोकिएको गै.सं.स. लाई नियमित सल्लाह सुझाव तथा निर्देशन दिने ।

७. संचालित कार्यक्रमको अनुगमन मूल्याङ्कन तथा समिक्षा गर्ने र वार्षिक प्रतिवेदन तयार गरी केन्द्रीय निर्देशक समितिमा पठाउने ।

८. केन्द्रीय निर्देशक समितिले दिएको सि.वि.आर. सम्वन्धी निर्देशनहरुको पालना गर्ने र गराउने ।

९. सरकारी वा गैर सरकारी संघ संस्था एवं अन्य निकायसंग अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना निमित्त साझेदारीमा काम गर्न प्रचलित कानूनको परिधिभित्र रही सम्झौता गर्ने वा ति निकायलाई गर्न निर्देशन दिने र त्यसको जानकारी केन्द्रीय निर्देशक समितिमा पठाउने ।

१०. विदेशी राष्ट्र, अन्तर्राष्ट्रिय वा गैरसरकारी संघ संस्था एवं अन्य निकायसंग कुनै किसिमको सहयोगको निमित्त सम्झौता गर्नु पूर्व मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

११. स्थानीय स्तरमा अपाङ्गता क्षेत्रमा काम गराउने सरकारी तथा गैरसरकारी संस्थालाई कार्यक्रम छनौट तथा सञ्चालन गर्दा जिल्ला सि.वि.आर. कार्यक्रमसँगको तादात्म्य र समन्वयमा गर्ने गराउने व्यवस्था गर्ने ।

१२. केन्द्रिय निर्देशक समितिले सुम्पिएका अन्य कार्य गर्ने गराउने ।

**३.६ गाउँ/नगरस्तरको व्यवस्थापन समिति :**

क) यो समिति गाउँ वा नगर क्षेत्रमा अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण तह हो ।

कार्यक्रम संचालन हुने गाउँ विकास समिति/महा नगरपालिका/उप-महानगरपालिका /नगरपालिका तहमा सि.वि.आर. सम्वन्धी (राष्ट्रिय कार्यक्रम अनुसारका) कार्यक्रमहरु क्रमश : कार्यान्वयन गर्न देहाय बमोजिम कार्यान्वयन समिति रहने छ ।

| | |
|---|---|
| १. गा.वि.स. का अध्यक्ष वा न.पा./म.न.पा./उ.म.न.पा. का वडाध्यक्ष | संयोजक |
| २. स्थानीय विद्यालयका प्रधानाध्यापक शिक्षक १ जना | सदस्य |
| ३. स्थानीय अस्पताल स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी १ जना | सदस्य |
| ४. जिल्ला स्थिति विशेष शिक्षा एवं अपाङ्गता क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाबाट १ जना र अपाङ्गता भएका १ जना व्यक्ति समेत पर्ने गरी २ जना | सदस्य |
| ५. अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्य १ जना र स्वयं अपाङ्गता भएको | |

व्यक्ति १ जना गरी २ जना — सदस्य

६. स्थानीय समाजसेवी वा स्थानीय स्तरमा आयमूलक कार्यक्रम संचालन गर्ने संस्थाका प्रतिनिधि १ जना — सदस्य

७. स्थानीय जिल्लास्तरमा सि.वि.आर. कार्यक्रम संचालन गर्ने संस्थाका अध्यक्ष वा सचिव — सदस्य सचिव

ख) स्थानीय स्तरमा सि.वि.आर. कार्यक्रम कार्यान्वयन गर्ने संस्थाको छनौट सम्वद्ध विज्ञ समूहको सिफारिसमा जिल्ला समन्वय एवं अनुगमन समितिले गर्नेछ । सि.नं. ४,५,६ र ७ अनुसार सदस्य चयन गर्दा कमसेकम २ जना अपाङ्गता भएका व्यक्ति समेत २ जना महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । सि.नं. ४ र ५ का सदस्य चयन गर्दा पालै पालो सबै प्रकारका अपाङ्गता भएका व्यक्ति वा संस्थाको प्रतिनिधित्व गराउनु पर्दछ । यी सदस्यहरुको मनोनयन गाउँ नगर स्तर व्यवस्थापन समितिले गर्नेछ ।

ग) मनोनयन हुने सदस्यको पदावधि २ वर्षको हुनेछ । सदस्यहरु पुनः मनोनयन हुन सक्नेछन् ।

घ) गाउँ/नगर व्यवस्थापक समितिको बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

ङ) माथि (क) २ बमोजिमका सदस्यको मनोनयन संयोजकद्वारा हुनेछ ।

च) उल्लेखित समितिमा सि.वि.आर. सचेतना अभिवृद्धि लगायतका कार्यक्रमका लागि अपाङ्गता भएका महिलाहरु सम्मिलित छुट्टै समिति गठन गर्न प्रोत्साहन गरिनेछ ।

छ) माथि (च) बमोजिम समूह गठन गर्दा सम्भव भएसम्म सातै प्रकारका अपाङ्गता भएका महिलाहरुलाई समान रुपमा प्रतिनिधित्व गराउनु पर्दछ । अपाङ्गता भएका महिलालाई लैङ्गिक समानताको मूल प्रवाहमा समाहित गराई सशक्त बनाउन यस गतिविधिले थप मदत पुऱ्याउने छ ।

**ज) गाउँ/नगर स्तरको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

१. सि.वि.आर. कार्यक्रम संचालन गरिने गा.वि.स. वा नगर तोक्ने कार्य सम्भाव्यता अध्ययनको आधारमा जिल्ला समन्वय तथा अनुगमन समितिले निर्धारण गर्ने छ ।

२. अपाङ्गता भएका व्यक्ति यिनका परिवार, स्थानीय निकाय र समुदायका लागि सचेतना अभिवृद्धि गर्ने समान अवसरका क्रियाकलाप (गोष्ठि, सभा, छलफल, अन्तरक्रिया) आदि संचालन गर्ने ।

३. सि.वि.आर. कार्यक्रम संचालन गर्ने, निरन्तर अनुगमन गर्ने, अभिलेख राख्ने, समिक्षा गर्ने र प्रतिवेदन पेश गर्ने ।

४. सि.वि.आर. कार्यक्रमको योजना तर्जुमा गरी जिल्ला अनुगमन तथा समन्वय समितिमा पेश गर्ने ।

५. विभिन्न कार्यकर्ता र जनशक्ति विकास सम्वन्धी तालिम संचालन गर्ने

६. सि.वि.आर. सम्वन्धी परामर्श सेवा, कोष स्थापन अभिवृद्धि र संचालन लगायत रेफरल सेवाका लागि परामर्श एवं सिफारिस गर्ने ।

७. छिमेकी गा.वि.स. नगर वडामा यस्तै कार्यक्रम संचालन गर्न समन्वय एवं उत्प्रेरणा (Motivate) का लागि क्रियाकलाप संचालन गर्ने ।

८. सि.वि.आर. को सञ्चालन तथा स्थानीय श्रोत परिचालन ।

९. सि.बि.आर. जिल्ला समन्वय तथा अनुगमन समितिले सुम्पेका अन्य काम ।

**झ) जिल्ला, गाउँ, न.पा स्तरमा (स्थानीय स्तर) काम गर्ने जनशक्ति :**

सि.बि. आर. कार्यक्रमको प्रभावकारी कार्यान्वयनका निमित्त जिम्मेवारी बोध समेतको दृष्टिकोणले काम गर्न

देहायको जनशक्ति हुने छ ।

१. **जिल्ला कार्यक्रम अधिकृत :-** जिल्ला सर्म्पक बिन्दु (Focal Person) दफा ३.७.१ मा उल्लेखित कार्यका लागि चयन भएको सरकारी प्रतिनिधी

२. **स्थानीय समन्वयकर्ता** दफा ३.७.२ बमोजिम कार्य गर्नका लागि स्थानीय गैर सरकारी संस्थाले चयन गरेको प्रतिनिधी

३. **सि.बि.आर. सामुदायिक कार्यकर्ता** दफा ३,७,३ बमोजिम कार्यका लागि स्थानीय गैरसरकारी संस्थाले चयन गरेको कार्यकर्ता

४. **सामाजिक परिचालक** दफा ३,७,४ बमोजिम कार्यका लागि स्थानीय गैरसरकारी संस्थाले चयन गरेको व्यक्ति

**ञ)** स्थानीय समन्वयकर्ता, सामुदायिक कार्यकर्ता तथा सामाजिक परिचालकहरुको पारिश्रमिक र सेवा शर्तहरु स्विकृत कार्यक्रम र मान्यताको (Norms) आधारमा स्थानीय गैर सरकारी संस्थाले निर्धारण गरे बमोजिम हुनेछ ।

## ३.७. सि.बि.आर. का विभिन्न जनशक्तिको काम, कर्तव्यहरु :

### १. जिल्ला कार्यक्रम अधिकृत :

क) जिल्ला सि.बि.आर. कार्यक्रममा महिला विकास अधिकृत वा निजले तोकेको सुपरभाइजर वा मुख्य महिला कार्यकर्तालाई तोकिएको छ । साथै निजलाई अपाङ्गताको क्षेत्रमा जिल्ला सर्म्पक व्यक्ति Focal Person को रुपमा पनि तोकिएको छ । सि.बि.आर. विषयमा कार्यक्रम अधिकृत सर्म्पक व्यक्तिको मुख्य काम र अधिकार देहाय बमोजिम हुनेछ ।

१. जिल्लाका सम्बद्ध विकास निकायसंग कार्यक्रमगत समन्वय गर्ने ।

२. केन्द्र, जिल्ला र गा.बि.स. वडा स्तर बीच समन्वय गर्ने र माध्यमको रुपमा रही काम गर्ने ।

३. जिल्ला समन्वय तथा अनुगमन समितिका अध्यक्षसंग समन्वय गरी CBR सम्बन्धी जिल्लाका सम्पूर्ण कार्यकारी अधिकारको जवाफदेही लिने ।

४. जिल्ला स्तरमा समन्वय बैठकको आयोजना, गाउँ/न.पा./वडा स्तरमा कार्यान्वयनको निर्देशानुसार अनुगमन, मुल्याङ्कन एवं प्रगति विवरण तयारी सम्बन्धी कार्य गर्ने ।

५. कार्यान्वयन स्तरको विभिन्न सिफारिस गर्ने, अनुशिक्षण दिने, निर्देशन दिने, र सो को नियमित प्रतिबेदन पेश गर्ने ।

६. जिल्ला स्तरमा श्रोत परिचालन, सि.बि.आर. सम्बद्ध योजना र कार्यक्रम तर्जूमा गर्ने, समन्वय गर्ने,योजना जिल्ला समन्वय तथा अनुगमन समितिमा पेश गर्ने ।

### २. स्थानीय समन्वयकर्ता :

**क) स्थानीय स्तरमा सि.बि.आर. कार्यक्रम समन्वयात्मक रुपले संचालन एवं व्यवस्थापन गर्न एक जना स्थानीय** समन्वयकर्ताको व्यवस्था गर्नु पर्दछ ।

ख) कार्यक्रम कार्यान्वयन गर्न तोकिएको स्थानीय गै.स.स. ले यो पद आफैले पूर्ति गराउने छ ।

ग) समन्वयकर्ताले स्थानीय स्तरमै रही पूरा समय कर्मचारी सरह कार्य गर्नेछन् ।

घ) समन्वयकर्ताको कार्यमा सहयोग गर्नका लागि आवश्यकतानुसार सामुदायिक कार्यकर्ता र सामाजिक परिचालक/कर्मचारी नियुक्त गर्न सकिनेछ ।

**ङ) स्थानीय समन्वयकर्ताको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ ।**

१.गाउँ/नगरस्तरको व्यवस्थापन समितिसंग समन्वय गरी अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क संकलन, अपाङ्गता सम्बन्धी विस्तृत लेखाजोखा समेतका विवरणका आधारमा सि.बि.आर.सम्बन्धी स्थानीय कार्यक्रम अनुसूची ८ बमोजिमको ढाँचामा तयार पारी महिला विकास कार्यालयमा पेश गर्ने ।

२. विभिन्न समिती उपसमितिसंग समन्वय गरी कार्य गर्ने ।

३. सि.बि.आर. कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित कार्यक्रममा उत्प्रेरित गर्ने, अनुशिक्षण तालिम दिने ।

४. अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न सेवा सुविधा, अवसर उपलब्ध गराउनेबारे परामर्श दिने,जानकारी दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने ।

५. स्थानीय स्तरमा सि.बि.आर.सम्बन्धी तालिम संचालन गर्दा स्थानीय शिक्षक, बुद्धिजिवी, समाजसेवी, स्वयंसेवकसंग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने ।

६. स्थानीय अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण, सम्बन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।

७. अपाङ्गता भएका व्यक्तिहरुको अविलम्ब पहिचान एवं सेंवा, परामर्श, पूर्व तयारी कक्षा संचालन, समाहित शिक्षा, विशेष शिक्षा, तालिम (रोजगार र व्यासायिक तालिम) स्वास्थ्यपोचार सेवा, स्याहार र रेखदेख सेवा उपलब्ध गराउन मद्दत गर्ने गराउने ।

८. अपाङ्गता भएका व्यक्ति, यिनका परिवार, स्थानीय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध, न्यूनिकरण एवं उपचारात्मक लगायत संचेतना सम्बन्धी तालिम, कार्यक्रम, गोष्ठी, सभा, अन्तरक्रिया संचालन गर्ने गराउने ।

९. कार्यक्रमको नियमित प्रगति विवरण जिल्ला समन्वय तथा अनुगमन समितीमा पठाउने ।

१०. जिल्ला स्थित समितिका अध्यक्ष, सदस्य सचिब (कार्यक्रम अधिकृत)संग समन्वय गरी कार्यक्रम संचालन गर्ने, गराउने ।

११.आफ्नो मातहत उप-समिति, सामुदायिक कार्यकर्ता र सामाजिक परिचालकसंग समन्वय गरी कार्य गर्ने।

**३. सि.बि.आर.सामुदायिक कार्यकर्ता**

क) यो पदमा स्थानीय योग्य अपाङ्गता भएका व्यक्ति, यिनका परिवार वा स्थानीय व्यक्ति मध्येबाटै ( योग्यता र प्राथमिकताका आधारमा) चयन गरिनेछ ।

ख) कार्यक्रम अधिकृतको निर्देशन र स्थानीय समन्वयकर्ताको प्रत्यक्ष नियन्त्रण र मातहतमा रही यस पदमा रहेको व्यक्तिले देहायका कार्य सम्पादन गर्नु पर्दछ ।

१. सेवा दिनुपर्ने अपाङ्गता भएको व्यक्ति र यिनका परिवारको घरदैलोमा गई वा सेवा केन्द्रमा नियमित रुपमा तोकिएको सेवा दिने ।

२. अपाङ्गपनबारे समाजमा सकारात्मक धारणाको अभिबृद्धि गर्दै रोकथाम र उपचार उपायबारे जनचेतना अभिबृद्धि गर्ने ।

३. अपाङ्गता भएका व्यक्ति, यिनका परिवार र समितिसंग कार्य अनुभव आदान प्रदान र छलफल गरी समाधानका उपाय खोजी गर्न समिति र स्थानीय समन्वयकर्तालाई सहयोग गर्ने ।

४. अपाङ्गता भएका व्यक्ति यिनका परिवार र अरु स्वयंसेवीलाई विभिन्न तालिम फिजियोथेरापी, स्पीच थेरापी, अकुपेशनल थेरापी आदि दिन पहल गर्ने ।

५. उल्लेखित कार्यहरुको नियमित र अद्यावधिक अभिलेख राख्ने, प्रतिबेदन गर्ने र अनुभवको आदानप्रदान गर्ने ।

६. सेवा, सुविधा समान अवसरका क्षेत्रहरु जस्तै : शिक्षा, तालिम, स्वास्थ्य, रोजगार जस्ता क्रियाकलापमा समावेश गराउने । अपांगता भएका व्यक्तिलाई आवश्यक पर्ने सहायक सामग्रीको पहिचान गरि सो उपलब्ध गराउन आवश्यक पहल गर्ने । उपचार, शल्यकृया लगायत अन्य आवश्यक सेवामा पहुँच पुर्याउन आवश्यक परामर्श तथा प्रेषण सेवा उपलब्ध गराउने वा सोको लागि भूमिका निर्वाह गर्ने ।

७. स्थानीय समन्वयकर्ताले निर्देशन गरे बमोजिमका सि.बि.आर. सम्बन्धी कार्य गर्ने ।

**४. सामाजिक परिचालक :**

क) सामाजिक परिचालक पद स्थानीय योग्य अपाङ्गता भएका व्यक्ति, तिनका परिवार वा यस क्षेत्रमा योगदान दिएको व्यक्ति, संस्थापक अपाङ्गता भएको महिला वा स्थानीय व्यक्ति मध्येबाटै योग्यता र प्राथमिकताका आधारमा चयन गर्नुपर्दछ ।

ख) यस पदले सि.बि.आर. कार्यक्रम कार्यान्वयनका लागि जिल्ला कार्यक्रम अधिकृतको सुपरिवेक्षण तथा स्थानीय समन्वयकर्ताको प्रत्यक्ष नियन्त्रण र मातहतमा रहि देहायका कार्य गर्नु पर्दछ ।

१. अपाङ्गता भएका व्यक्तिहरुका लागि सामुदायिक सेवा, सुविधा र अवसरहरु उपलब्ध गराउने र यसको लागि अपांगता भएका व्यक्ति स्वयं वा तिनका परिवारका सदस्यलाई स्थानीय सामुहिक हित र विकासको लागि सकृय समूह वा समितिमा सहभागी गराउने प्रयत्न गर्ने ।

२. स्थानीय समिति, स्वयंसेवी, समितिको बैठकको व्यवस्था गर्ने ।

३. अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन, सम्भाव्यता अध्ययन, आवश्यकता पहिचान गर्ने र सेवा सुविधा उपलब्ध गराउन मद्दत गर्ने ।

४. स्थानीय स्तरमा अपाङ्गताको विषयमा सकारात्मक धारणाको विकास गर्न, रोकथाम मूलक उपचारात्मक (Preventive and Curative) उपायबारे सचेतना कार्यक्रम संचालन गर्ने ।

५. स्थानीय स्तरमा संचालन हुने विभिन्न विकास सम्बन्धी क्रियाकलापमा अपांगता भएका व्यक्तिहरुलाइ समाहित गराउन कार्य गर्ने ।

६. अपाङ्गता भएकाहरुका व्यक्तिलाई विभिन्न सेवा, सुविधा, अवसर उपलब्ध गराउन प्रत्यक्ष भूमिका निर्वाह गर्ने ।

७. केन्द्रीय र जिल्ला स्तरका समितिबाट प्राप्त निर्देशन अनुरुपका कार्यहरुको नियमित प्रतिबेदन पेशगर्ने,यस कार्यमा समन्वयकर्तालाई मद्दत गर्ने ।

८.स्थानीय स्तरमा अपाङ्गता भएका महिलाहरुलाई संगठित गर्ने तथा उनिहरुका विशीष्ट आवश्यकतहरुको पहिचान गर्ने र संवोधनको लागि पहल गर्ने । साथै विभिन्न सामुहिक गतिविधिहरुमा उनिहरुको सहभागितामा अभिवृद्धि गराउने ।

९. स्थानीय समन्वयकर्ता मार्फत प्राप्त निर्देशन अनुसारका सम्बन्धित कार्य गर्ने ।

# परिच्छेद -४

## ४. साधन स्रोतको परिचालन, क्रियाकलापहरु र कार्यान्वयन

### ४.१ साधन स्रोतको परिचालन :

सि..बि.आर. कार्यक्रमको स्थायित्व र निरन्तरताका लागि जिल्ला तथा गाउँस्तर मा कोषको स्थापना गरिनेछ। जिल्ला तथा गाउँस्तरमा कार्यक्रम सचालनका लागि निम्न साधन स्रोतहरु परिचालन र कोष संचालनमा गर्न देहाय बमोजिम पहल गर्नुपर्दछ ।

क) साधन स्रोत परिचालनका सम्भाब्य क्षत्रहरु

१. नेपाल सरकारबाट प्राप्त हुने स्रोतहरु ।

२. स्थानीय निकाय र विकास सम्बन्धी संस्थाबाट प्राप्त हुने सहयोग ।

३. विकास सम्वन्धी बाह्य साझेदार संस्था, गैरसरकारी संस्थाबाट प्राप्त हुने सहयोग ।

४. स्थानीय समुदाय र संस्थाको आन्तरिक स्रोत ।

ख) श्रोत परिचालन एवं संकलनका लागि केन्द्रीय निर्देशक समिती र जिल्ला समन्वय तथा अनुगमन
समितीले पनि पहल गर्नुपर्दछ ।

ग) कोष सम्बन्धी अन्य व्यवस्था निर्देशिकाको परिच्छेद ५ को ५.२ मा उल्लेख भए बमोजिम हुनेछ ।

### ४.२. क्रियाकलापहरु र कार्यान्वयन पद्धति

क) समुदायमा आधारित पुनर्स्थापन कार्यक्रम अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण विकास र प्रर्वद्धनका लागि संचालित हुने भएकोले यस अन्तरगत देहायका सि.नं. ४.२.१ देखि ४.२.१० सम्मका क्रियाकलापहरु निरन्तर आवश्यकतानुसार वा श्रृखलाबद्ध ढंगले संचालन गरिने छ ।

ख) सि.बि.आर. को उद्देश्य परिपूर्तिका लागि यी क्रियाकलाप तोकिए बमोजिम जिल्ला समन्वय तथा अनुगमन समितिको मातहतमा स्थानीय गा.वि.स./न.पा. समिति, कार्यक्रम अधिकृत, समन्वयकर्ता, सामुदायिक कार्यकर्ता, सामाजिक परिचालकले सम्पादन गर्नु पर्दछ ।

ग) यी क्रियाकलापहरु संचालन गर्न गरिनु पर्ने दायित्व जिल्ला समन्वय तथा अनुगमन समिती र गाउँ नगर वडा समितीको रहन्छ तर काम गर्न कुनै पद र समितीलाई किटानीसाथ नतोकिएको अवस्था भए जिल्ला समन्वय तथा अनुगमन समितीले किटान गरी तोक्ने छ ।

### ४.२.१. अपाङ्गता सम्बन्धी तथ्याङ्क तथा विवरणहरु संकलन :

क) सि.बि.आर कार्यक्रम लागू हुने गाउँ विकास समिती, नगर वडाको समग्र विस्तृत विवरण सहितको प्रोफाइल तयार गर्नु पर्दछ ।

ख) कार्यक्रम लागू गरिने गा.बि.स., न.पा. वडा क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको संख्या, प्रकृति, जीवनमा परेको असर र ययार्थ स्थिती बुझिने ढंगले विवरण सहितको तथ्याङ्क संकलन गर्ने वा भए गरेका तथ्याङ्क प्राप्त गरिनेछ । तथ्याङ्क संकलन गर्ने फाराम अपाङ्गता परिक्षण अभिलेखपत्र अनुसूची २ मा रहेको छ ।

ग) माथि क) र ख) बमोजिमका विवरण प्रोफाइल तयार गर्दा स्थानीय निकाय, पदाधिकारी, विकास सम्बन्धी संघ संस्था, समुदायसंगै बसी सहभागितामूलक ढंगले तयार गर्नु पर्दछ ।

१. सि.बि.आर. कार्यक्रम संचालन गरिने जिल्ला नगर गाउँका प्रमुख, पदाधिकारी तथा कार्यकर्ताहरुलाई सि.बि.आर. बारे उत्प्ररित (:यतष्खबतभ) गरी यस सम्बन्धी विविध

तहगत तालिमहरु दिइनुका साथै कार्यक्रम संचालन गर्न आवश्यक ज्ञान,सपि र दक्षता अभिबृद्धि गराउनुपर्दछ ।

२. जिल्ला कार्यक्रम अधिकृत, गैर सरकारी संस्थाका स्थानीय समन्वयकर्ताले सि.बि.आर. व्यवस्थापकीय तालिमको प्रबन्ध गर्नुपर्नेछ ।

३. सि.बि.आर. सामुदायिक कार्यकर्ता तथा सि.बि.आर. सम्बन्धी , जनचेतना मूलक सामाजिक संचार र सीपमूलक तालिमहरु आवश्यकतानुसार उपलब्ध गराउनेछ ।

**४.२.२. जनचेतना सम्बन्धी कार्यक्रम :**

क) समुदायमा आधारित पुनर्स्थापन कार्यक्रमको सबैभन्दा महत्वपूर्ण पक्ष सम्बद्ध समुदाय ( अपाङ्गता भएका व्यक्ति, यिनका परिवार, स्थानीय निकायका पदाधिकारी, विकास सम्बन्धी संस्थाका प्रतिनिधी, स्थानीय समुदाय) मा अपांगता विषयमा जनचेतना अभिवृद्धि गर्नु हो । यस अन्तर्गत देहायका सचेतना एवं जानकारीमूलक कार्यहरु संचालन गर्नु पर्दछ ।

१. अपाङ्गपन बारे जानकारी, अपाङ्गपन हुन नदिने उपाय, रोकथाममूलक अपाङ्गपन न्यूनिकरणबारे जनाउ ।

२. अपाङ्गपन निरोध र उपचारात्मक कार्यहरुबारे जानकारी

३. अपाङ्गता भएको व्यक्ति प्रति सकारात्मक धारणाको अभिवृद्धि ।

४. अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्य प्रदत्त सेवा, सुविधा अवसरबारे यसका हकवाला र स्थानीय सरोकारवालालाई जानकारी लगायत सरकारी, गैरसरकारी, नागरिक समाजद्वारा संचालन भएका कृयाकलाप र भावी कार्यक्रम एवं क्रियाकलापबारे जानकारी ।

५. अपाङ्गता विकास सम्बन्धी मुद्दा भएका सर्न्दभमा यसका समग्र विकास प्रक्रियामा समावेश गराउने सवाल र विषयको वारेमा जानकारी ।

६. अपांगता भएका व्यक्तिहरुप्रति संवेदनशील हुनुपर्ने विषयवस्तु र व्यवहारहरुको वारेमा जानकारी ।

७. उल्लेखित उद्देश्य परिपूर्तिका लागि प्रचार सामाग्री उत्पादन तथा प्रचार र प्रसार :

क) अपाङ्गपनको कारण, रोकथाम, उपचार, पुनर्स्थापन समान अवसर र अधिकारबारे जन धारणामा परिवर्तन ल्याउन मद्दत पुऱ्याउने जस्ता क्रियाकलाप संचालन गर्नु पर्दछ ।

ख) जनचेतना कार्यक्रमको लागि सि.बि.आर. कार्यकर्ताहरुलाई तालिम प्रदान गरी आवश्यक प्रभावकारी सामाजिक संचारका सामाग्रहिरु Social Communication Tool उपलब्ध गराउनु पर्दछ ।

ग) यी कार्य गर्न जिल्ला कार्यक्रम अधिकृत र स्थानीय समन्वयकर्ताले उपयुक्त पहल गर्ने ।

**४.२.३. विस्तृत लेखाजोखा :**

क) तालिम प्राप्त पुनर्स्थापना कार्यकर्ताहरुले कार्यक्रम लागू भएको क्षेत्रका प्रत्येक अपाङ्गता भएका व्यक्तिको विस्तृत लेखाजोखा Assessment र अपाङ्गता परिक्षण अभिलेख फर्म भर्ने तथा पुनर्स्थापना योजना तयार गर्नुपर्दछ । अपाङ्गता विस्तृत लेखाजोखा फाराम अनुसूची ३ मा रहेको छ ।

ख) विस्तृत लेखाजोखा फाराम भरी विवरण तयार गर्दा गा.वि.स/न.पा.को वडा, स्थानीय स्कूल, श्रोतकक्षा, स्वास्थ्य कर्मी एवं परिवार र समुदायको मद्दत लिइनु पर्दछ ।

ग) अपाङ्गता भएका व्यक्तिहरुको विस्तृत विवरण लेखाजोखा फारामले दीर्घकालिन, विस्तृत क्षेत्र ओगट्ने हुँदा फाराम भर्नु पूर्व यसको वारेमा विशेषज्ञहरुवाट राम्रो जानकारी हासिल गर्नु पर्नेहुन्छ ।

घ) विस्तृत लेखाजोखा विवरणका आधारमा योजना कार्यक्रम तयार गर्नुपर्ने ।

### ४.२.४. परामर्श सेवा :

क) परिवार र अपांगता भएका व्यक्ति स्वयंको सहयोगमा कार्यक्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिका वास्तविक समस्याहरुको पहिचान गर्ने, उनिहरुका अन्तरनिर्हित शारीरिक, मानसिक लगायत अन्य क्षमता र अझ विकास गर्न सकिने संभावनाहरुलाई विस्तृत रुपमा पहिचान गर्ने र समस्याको समाधान र अन्तरनिहित क्षमताको विकासको लागि आवश्यक परामर्श उपलब्ध गराउने ।

ख) अपाङ्गपन न्यूनिकरण, निरोध लगायत अपांगता भएका व्यक्तिको पुनर्स्थापना, क्षमता विकास, शिक्षा, र अन्य अवसरहरुमा पहुँच पुर्‍याउन सहभागितामूलक अन्तर सम्बादद्वारा समस्या समाधान खोज्ने ढंगले अभिभावक बालबालिकाहरुलाई परामर्श दिइनु पर्दछ ।

ग) यस्तो परामर्श सेवा तालिम प्राप्त व्यक्तिहरुद्वारा निरन्तर रुपमा प्रदान गरिनुपर्दछ ।

घ) दैनिक रुपमा घरमा वा समूदायमा अपांगता भएका व्यक्तिहरु प्रति गरिने सहि व्यवहार, उनिहरुको दैनिक जीवनलाई सकेसम्म अधिकतम स्वावलम्वी वनाउन आवश्यक मैत्रीपूर्ण वातावरण निर्माण गर्ने तरिकाहरु, शारीरिक तथा अन्य क्षमतालाई घरमै वा समुदायमै विकास गर्ने तरिका आदिको वारेमा परामर्श उपलब्ध गराउने ।

### ४.२.५ उपचार सेवा :

क) अपाङ्गता सम्बन्धी समस्या भएका व्यक्तिको शारीरिक वा मानसिक कार्यहरुमा परेको कठिनाई वा देखापरेको समस्या हटाउन वा न्यून पार्न सि.बि.आर. कार्यक्रमले उपचार सेवा उपलब्ध गराउन सघाउने ।

ख) तालिम प्राप्त सि.बि.आर. कार्यकर्ताहरुले विस्तृत लेखाजोखा फाराम भर्दा उपचार जन्य सेवा आवश्यकता
छ वा छैन स्वास्थ्य जाँच गरी निर्क्योल गर्नुपर्दछ ।

ग) उपचार आवश्यक भएको ठहर भएमा सम्बन्धित विषयको स्वास्थ्य सेवा प्रदान गर्न वा गराउन
अग्रसरता लिनुपर्दछ ।

घ) सि.बि.आर.कार्यक्रमले प्रत्येक अपाङ्गता भएका व्यक्तिहरुको उपचार सेवा समेतको लेखाजोखा एवं आवश्यकता पहिचान गरी उपयुक्त निकायमा उपचार सेवाका लागि प्रेषण गर्नुपर्नेछ ।

### ४.२.६. पुनर्स्थापना सेवा :

क) सि.बि.आर. कार्यक्रमले क्रियात्मक क्षमता कम भएका वा नभएका व्यक्तिहरुलाई उनीहरुको क्रियात्मक क्षमताको अधिकतम विकास गराई उनीहरुमा अधिक्तम आत्मनिर्भरता अभिबृद्धि गराउँदै समान अवसर प्राप्तिका लागि उचित वातावरण तयार गर्नुपर्नेछ ।

ख) उनीहरुको क्रियात्मक क्षमता अभिबृद्धिका लागि सि.बि.आर. कार्यकर्ताहरुले आवश्यक शारीरिक अभ्यास, साँकेतिक भाषा, ब्रेल लिपि सम्बन्धी तालिम एवं दैनिक क्रियाकलापहरुको अभ्यास र तालिम गराउनु पर्ने हुन्छ ।

ग) यस्तो पुनर्स्थापना क्रियाकलापमा स्वयं अपाङ्गता भएका व्यक्ति, परिवार र तालिम प्राप्त कार्यकर्ताहरुल संयुक्त रुपमा काम गर्नु पर्दछ ।

घ) घर वा परिवारमा अपांगता भएका व्यक्तिको लागि आवश्यक पर्ने भौतिक तथा अन्य वातावरणलाई मैत्रीपूर्ण वनाउन सहयोग गर्नुपर्छ ।

ङ) सहायक सामग्रहरुको आवश्यकता परेको हो भने सो उपलब्ध गराउन पहल गर्नुपर्छ ।

च) सांकेतिक भाषा, व्रेल लिपी आदि सम्वन्धी विस्तृत तालिम लिन चाहने वा सोको अवश्यकता भएका व्यक्तिहरुलाई यस्तो तालिम उपलब्ध गराउने संस्था वा निकायसँग समन्वय गराउनुपर्छ ।

### ४.२.७. शिक्षामा पहुँच

क) सि.बि.आर.कार्यक्रमहरुले विद्यालय जाने उमेर पुगेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई औपचारिक एवं विशेष शिक्षामा पहुँचका लागि अग्रसरता लिनु पर्दछ ।

ख) आवश्यकतानुसार अन्य उमेर समूहका अपाङ्गता भएका व्यक्तिहरुलाई पनि अनौपचारिक शिक्षामा समाहित गराउनु पर्दछ ।

ग) सामान्यतया शारीरिक समस्या भएका र हल्का सुस्तश्रवण, स्वर तथा वोलाई सम्वन्धी समस्या, दृष्टिदोषी र सुस्तमनःस्थिती भएका व्यक्तिहरुलाई सामान्य स्कूलहरुमा नै एकिकृत वा समाहित गर्नु पर्दछ ।

घ) मौजुदा शिक्षा नीति अनुसार, सुस्तमनःस्थिती, दृष्टिविहिन, बहिरा र बहु अपाङ्गता भएकाहरुलाई विशेष श्रोत कक्षाहरुमा एकिकृत गर्नुपर्दछ ।

घ) विशेष बिद्यालय र स्रोत कक्षा संचालन भएको जिल्लामा जिल्ला शिक्षा कार्यालय र सम्बन्धीत बिद्यालय संग समन्वय गरी अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्नुपर्दछ । विशेष बिद्यालय र स्रोत कक्षा नभएको जिल्लाको हकमा स्थानीय स्कूल वा नीजि वा गैर सरकारी संस्थाहरुद्वारा संचालित स्कूलहरुमा एकिकृत गर्न पहल गर्नुपर्दछ ।

ङ) अपाङ्गता भएका बालबालिकाहरुको शिक्षाका लागि कार्य गर्ने शैक्षिक संस्थाहरु तथा प्रधानाध्याप, शिक्षक, कर्मचारी, संचालकहरुलाई आवश्यकतानुसार विशेष, एकिकृत र समाहित शिक्षा र परामर्श सेवाबारे अनुशिक्षण (Orientation) अन्तरक्रिया, छलफल, कार्यशालाको व्यवस्था गर्नुपर्दछ ।

च) गाउँ, नगर वडा सि.बि.आर. व्यवस्थापनले अपाङ्गता भएका बालबालिकाहरुको पहिचान परामर्श र सेवा लगायत उपयुक्त शिक्षा व्यवस्थाका लागि जिल्ला लेखाजोखा व्यवस्थापन समिति र स्रोत कक्षा संचालन गर्ने स्कूलसंग निकटतम समन्वय गरी कार्य गर्नुपर्दछ ।

छ) विद्यालयको भौतिक वातावरण अपांगता भएका व्यक्तिहरुको लागि मैत्रीपूर्ण नभएको कारण वा विभेदपूर्ण व्यवहारको कारण कोहि शिक्षाको अवसरवाट वञ्चित भएको छ भने सोको लागि वातावरणलाई मैत्रीपूर्ण वनाउन सवन्वयात्मक पहल गर्नुपर्छ ।

ज) अपांगता भएका व्यक्तिहरुको लागि शिक्षाका अन्य सेवा सुबिधा जस्तै निशुल्क, छात्रबृत्ती, परिक्षा सुबिधा, ब्रेल, साँकेतिक भाषा र किताब, सहायक सामाग्री, बिशेष खेलकूद आदि सुबिधामा पहुँचका लागि निरन्तर पहल गर्नु पर्दछ ।

### ४.२.८. व्यावसायिक तालिम र आय आर्जन व्यवस्था :–

क) अपाङ्गता भएका व्यक्ति वा तिनका परिवारका सदस्यहरुलाई उनिहरुको आय आर्जन गर्ने क्षमताको विकासको लागि व्यवासायिक सीप सिक्ने अवसरहरु प्रदान गर्नु पर्दछ ।

ख) अपाङ्गता भएको व्यक्ति र यिनका परिवारका लागि व्यावसायिक सीपहरु छनौट गर्दा स्थानीय स्तरमा उपयोगी र आय आर्जन हुन सक्ने सीपहरु छनौट गर्नुपर्दछ ।

ग) व्यवासायिक सीपमूलक तालीम र आय आर्जनका क्रियाकलापहरुमा अपांगता भएका व्यक्तिहरुको पहुँच अभिवृद्धि गराउन जिल्लाका सरकारी र गैरसरकारी निकायहरुले संचालन गर्दै गरेका आयमूलक र सिपमुलक कार्यक्रमहरुमा उनीहरुलाई समावेश गराउनुपर्छ ।

घ) जिल्ला समितिले महिला तथा बालबालिका कार्यालयद्वारा संचालित महिला समूह, सहकारी संस्था र कार्यक्रममा अपांगता भएका व्यक्तिहरुलाई समावेस गर्नुपर्छ ।

ङ) जिल्ला घरेलु तालिम कार्यक्रम वा अन्य वित्तिय संस्थाद्वारा संचालित कार्यक्रममा समेत अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई सामेल गराउनु पर्दछ ।

च) बुँदा ५.२ बमोजिम स्थापित हुने सि.बि.आर. कोषलाई आय आर्जनका निमित्त लघु रुपमा संचालन गरी यस्ता समुदायलाई आय आर्जन सम्बन्धी क्रियाकलापमा समाबेश गराउनु पर्दछ ।

छ) नीजि क्षेत्रका उद्योग व्यवसायहरुमा पनि सीपमूलक तालिम र आयआर्जनका लागि समान अवसरहरु बढाउनु पर्दछ । सरकारी, गैरसरकारी वा नीजि क्षेत्रमा अपाङ्गता भएका व्यक्ति यिनका परिवारका सदस्यलाई उपयुक्त रोजगारीका लागि पहल गर्नुपर्दछ ।

ज) अति अशक्त अपाङ्गता भएका व्यक्तिहरुलाई स्थानीय निकायले प्रदान गरिने सामाजिक सुरक्षा भत्तामा पहुँचका लागि काम गर्नु पर्दछ ।

झ) स्थानीय सि.वि.आर. संस्था वा अपांगता भएका व्यक्तिहरुका स्वावलम्वी समूहहरु मार्फत पनि यस्ता कार्यक्रमहरु संचालन गर्न गराउन सकिन्छ ।

### ४.२.९. पारिवारिक तथा सामाजिक सहभागिता :

क) सि.बि.आर. कार्यक्रम तयारी, कार्यान्वयन र अनुगमनमा अपाङ्गता भएका व्यक्तिहरु तथा यिनका परिवारलाई समुदायमा सहभागितामा अभिबृद्धि गर्नु पर्दछ ।

ख) पुनर्स्थापना कार्यकर्ताहरुले अपाङ्गता भएको व्यक्तिको परिवार र समुदायमा सहभागिता अभिबृद्धिका लागि निरन्तर क्रियाशिल रहनु पर्दछ ।

ग) अपाङ्गता लगायत विकास सम्बन्धी सबै क्रियाकलापहरुमा अपाङ्गता भएका व्यक्ति तथा यिनका परिवारहरुलाई सहभागि गराउनु पर्दछ ।

घ) स्थानीय स्तरमा हुने सामाजिक तथा सांस्कृति गतिविधिहरुमा आफ्ना अपांगता भएका नानिहरुलाई सहभागि गराउन अभिभावकलाई उत्प्रेरित गराउनु पर्दछ ।

ङ) अपांगता भएका व्यक्तिहरुका अन्तरनिहित विविध क्षमताहरुलाई समाजमा उजागर गर्ने वा गराउने मौका प्रदान गर्ने वातावरण निर्माण गर्ने ।

च) परिवार वा समूदायमा अपांगता भएका व्यक्तिहरुको वारेमा गरिने निर्णयहरुमा उनीहरु स्वयंको सहभागितालाई अभिवृद्धि गराउने ।

### ४.२.१०. जनशक्ति र नेतृत्व विकास, समन्वय एवं संजाल :

क) अपाङ्गता भएका व्यक्तिहरुको सर्वाङ्गिण विकासका लागि सि.बि.आर.कार्यक्रमले यी क्रियाकलापहरुको अतिरिक्त आवश्यकतानुसार जनशक्ति र नेतृत्व विकास, समन्वय, समूह तथा संजाल विकास लगायत अन्य क्रियाकलाप पनि संचालन गर्न सक्ने छन् ।

ख). सि.बि.आर. कार्यक्रम संचालन गरिने जिल्ला नगर गाउँका प्रमुख, पदाधिकारी तथा कार्यकर्ताहरुलाई सि.बि.आर.बारे उत्प्रेरित (Motivate) गरी यस सम्बन्धी विविध तहगत तालिमहरु दिइनुका साथै कार्यक्रम संचालन गर्न आवश्यक ज्ञान, सीप र दक्षता अभिवृद्धि गराउनु पर्दछ ।

ग). जिल्ला कार्यक्रम अधिकृत, गैर सरकारी संस्थाका स्थानीय समन्वयकर्ताले सि.बि.आर.व्यवस्थापकीय तालिमको प्रबन्ध गर्नुपर्नेछ ।

घ). सि.बि. आर. सामुदायिक कार्यकर्ता तथा सि.बि.आर. सम्बन्धी, जनचेतना मूलक र सीपमूलक तालिमहरु आवश्यकतानुसार उपलब्ध गराउने छ ।

ङ) उपरोक्त बमोजिममा क्रियाकलाप संचालन गर्न जिल्ला कार्यक्रम अधिकृत, समन्वयकर्ताले पहल गर्नु पर्दछ। यी क्रियाकलाप संचालन गर्न स्थानीय निकाय, गै.स.स. र समान उद्देश्यका लागि स्थापित संस्थासंग सहकार्य गर्न सकिनेछ ।

## परिच्छेद ५

### ५. सि.बि.आर. कार्यक्रम अनुगमन, मूल्याङ्कन, कोष व्यवस्था, कार्यान्वयन र विस्तार :

### ५.१. कार्यान्वयन स्थितीको अनुगमन, मूल्याङ्कन तथा प्रतिबेदन

क) तीनै तहका समितीले संचालित सि.बि.आर. कार्यक्रमहरुको नियमित अनुगमन मूल्याङ्कन तथा प्रतिबेदन तयार गरी अभिलेख राख्ने र एक तह माथि प्रेषित गर्नुपर्दछ ।

ख) कार्यक्रम र क्रियाकलापहरुको प्रगति स्थितीको अनुगमन कमसेकम केन्द्रीय समितीले १ पटक, जिल्ला समन्वय तथा अनुगमन समितीले २ पटक र स्थानिय स्तरको समितीले ४ पटक गरी प्रतिबेदन पेश गर्नु पर्नेछ ।

ग) संचालित क्रियाकलापहरुको प्रभावबाट अपाङ्गता भएका व्यक्ति, परिवार, समुदाय र संगठित संस्थाहरुमा के कस्तो परिवर्तनहरु भएका छन् यी समग्र पक्षको लेखाजोखा सूचकको माध्यमबाट मूल्याङ्कन गरिनेछ ।

घ) योजना तर्जूमा गर्दा वा कार्यक्रम तयार गर्दा अनुगमन मूल्याङ्कनबाट पृष्ठपोषण प्राप्त गरिनेछ ।

ङ) सि.बि.आर. कार्यक्रमहरुको आवधिक अनुगमन मूल्याङ्कन निर्धारित अनुगमन सूचकहरु अनुरुप प्रतिबेदन तयार गर्नुपर्दछ । अनुगमन मूल्याङ्कन सूचकहरु अनुसूची ५ मा समाबेश गरिएको छ । कार्यक्रमको निरन्तर कार्यान्वयन स्थितिबारे महिला विकास कार्यालय सर्म्पक निकायले तोकिएको ढाँचामा तयार गरी चौमासिक रुपमा मन्त्रालय र महिला विकास विभागमा प्रतिबेदन पेश गर्नुपर्नेछ । यस बमोजिम प्रगति प्रतिबेदन अनुसूची ४ ढाँचामा भरी पठाउनु पर्नेछ ।

### ५.२. सि.बि.आर. कोषको व्यवस्था :

क) संचालिन सि.वि.आर. कार्यक्रमको निरन्तरता र स्थायित्वका लागि स्थानीय स्रोत साधन परिचालन गरी जिल्ला तथा गाउँ नगर वडा स्तरमा सि.वि.आर. कोष स्थापना गरिने छ । कोषको संचालन जिल्ला र गाउँ नगर स्तरको व्यावस्थापन समितिले गर्नेछ ।

ख) कोषमा सरकारी एवं स्थानीय निकायको अनुदान, कार्यक्रम प्रायोजन, बैदेशिक सहायता, वा ४.१.क अनुसार वा अन्य श्रोतबाट प्राप्त हुने रकम जम्मा गरिनेछ ।

ग) बैदेशिक सहायक वा अनुदान प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

घ) स्थानीय परिवेश अनुसार कोष अभिवृद्धिका लागि स्थानीय समितिले विविध प्रयत्न गर्नेछ । -जस्तै : देउसी, भैलो, मुट्ठीदान, प्रायोजन, दानपत्र, सदस्यता शुल्क, च्यारिटी सो, सप्ताहा पुराण आदि ।

ङ) सरकारी अनुदानको १० देखि २० प्रतिशत सम्म रकम नियमित रुपमा कोष अभिवृद्धिका निमित्त जम्मा गरिनेछ ।

च) सहकारीताको अवधारणा अनुसार सञ्चालन लिई कोषलाई व्यवस्था गर्न सकिने छ । कोषको रकम सि.वि.आर. कार्यक्रमको निरन्तरता लगायत लघु ऋण र आय आर्जनको क्रियाकलाप संचालन गरी अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक समुन्नतिमा उपयोग गरिनेछ ।

छ) कोष संचालन सम्वन्धी कार्यविधि स्थानीय सि.वि.आर.ले तयार गरी जिल्ला समन्वय तथा अनुगमन समितिबाट अनुमोदन गराई कार्यान्वय गर्नु पर्नेछ ।

ज) कोषको स्थिति बारे वार्षिक रुपमा सार्वजनिक गर्नु पर्ने छ ।

झ) कोषको लेखा परिक्षण सरकारी मान्यता प्राप्त लेखा परिक्षक (संस्था) द्वारा नियमित रुपमा गराउनु पर्दछ ।

**५.३ सि.वि.आर. कार्यान्वयन अवधि र विस्तार**

क) सि.वि.आर. कार्यक्रम एकै पटक जिल्लाका सबै भाग (गा.वि.स./न.पा.) मा लागू गर्न सकिनेछ तर उपलब्ध श्रोत र साधनका आधारमा क्रमशः सम्भाव्यता अध्ययनले देखाएको क्षेत्रहरुमा प्राथमिकता अनुसार लागू गर्नु पर्दछ ।

ख) केही वर्षसम्म लगातार सि.वि.आर. कार्यान्वयन गरिसकेपछि उक्त गाउँ विकास समिति नगरका वडा आफै कार्यान्वयन गर्न सक्षम र स्वावलम्वी हुने निश्चित गरी अन्य क्षेत्र ( गाउँ नगर) मा कार्यक्रम सार्नु पर्दछ ।

ग) कार्यक्रम निरन्तर कार्यान्वयन गर्न तोकिएका गाउँ नगर समिति सम्बद्ध संस्था एवं समुदायलाई जिम्मा लगाई अन्य गाउँ नगरमा योजना अनुसार विस्तार कार्य थालनी गर्नु पर्दछ ।

## परिच्छेद - ६

**६. विविध**

**६.१. अनुसूचीको विवरण र ढाँचामा सामान्य थपघट, संशोधन गर्न सकिने**

यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संलग्न अनुसूचीको कुनै विवरणमा तात्विक असर नपर्ने गरी आवश्यकतानुसार थपघट, संशोधन गर्न सकिनेछ ।

**६.२ श्रोत पुस्तिका तयार गर्न सकिने**

यस निर्देशिकाको उद्देश्य तथा यस निर्देशिकामा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले आवश्यकतानुसार श्रोत पुस्तिका तयार गर्न सक्नेछ र यसरी तयार गरिएको श्रोत पुस्तिकाहरु यसै निर्देशिकाका अभिन्न अंग मानिनेछन् ।

**६.३. निर्देशन दिन सक्ने :**

क) यस निर्देशिकाको उद्देश्य अनुरुप कार्यान्वयनका लागि मन्त्रालय, केन्द्रिय निर्देशिक समितिले आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको कार्यान्वयन गर्नु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

ख) जिल्ला स्तरिय सि.वि.आर.लाई स्थानीय स्तरमा विकास बजेट, कार्यक्रम बाँडफाँड, निर्धारण, योजना वा कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन जस्ता गतिविधिमा अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण अनुकूल हुने गरी मूल प्रवाहीकरण भए नभएको बारे परिक्षण, मूल्याङ्कन वा अन्य योजनाका लागि समेत मन्त्रलाय, निर्देशक समितिले अध्ययन, परिक्षण वा विश्लेषण गरी सुधारका लागि सुझाव दिन सक्नेछ ।

ग) विभिन्न सरकारी निकाय, संघ संस्थाबाट प्रवाह हुने सेवा, सुविधा, अवसर सम्वन्धी विषय संग्रहित रुपमा मन्त्रालयले तयार गरी बेलाबेलामा प्रकाशन गर्नेछ ।

**६.४. लेखा परिक्षण :**

संस्थाद्वारा संचालित सि.वि.आर. कार्यक्रमको लेखा परिक्षण नेपाल सरकारद्वारा मान्यता प्राप्त लेखा परिक्षकले गर्नेछ ।